एकीकृत स्वास्थ्य संस्था अनुगमन तथा स्थलगत अनुशिक्षण प्रतिवेदन (बरातु सामुदायिक स्वास्थ्य इकाई, मग्याम चिसापानी स्वास्थ्य चौकी, चित्रेभन्ज्याङ स्वास्थ्य चौकी)

हरिनास गाउँपालिका

स्याङ्जा

आर्थिक वर्ष: 2082/83

अनुगमन मिति: २०८२/०४/१७–२०८२/०४/२०

परिचय

हरिनास गाउँपालिका स्याङ्जा जिल्लामा अवस्थित एक ग्रामीण स्थानीय तह हो, जसले स्वास्थ्य सेवामा पहुँच बढाउन विभिन्न स्वास्थ्य संस्थाहरू सञ्चालन गर्दै आएको छ। गाउँपालिकाले आधारभूत स्वास्थ्य सेवा, सुरक्षित मातृत्व, खोप, पोषण, रोग नियन्त्रण, औषधि आपूर्ति, र जनचेतना कार्यक्रमलाई प्राथमिकता दिएको छ। यस प्रतिवेदनमा २०८२/०४/१७ देखि २०८२/०४/२० सम्म भएको स्वास्थ्य संस्था अनुगमनका नतिजा संक्षेपमा प्रस्तुत गरिएको छ।

अनुगमन विवरण

अनुगमन गरिएको संस्था:

1. बरातु सामुदायिक स्वास्थ्य इकाई (वडा नं. ४)
2. मग्याम चिसापानी स्वास्थ्य चौकी (वडा नं. ३)
3. चित्रेभन्ज्याङ स्वास्थ्य चौकी (वडा नं. ४)

१. बरातु सामुदायिक स्वास्थ्य इकाई

लक्षित जनसंख्या: १५००

दैनिक बिरामी: ५–७ (अधिकतम १०)

सबल पक्षहरू:

- नियमित स्वास्थ्य संस्था सञ्चालन र संरक्षण राम्रो
- पूर्वाधार व्यवस्थित
- व्यवस्थापन समितिको बैठक तथा समन्वय नियमित
- औसत वृद्धिदर अनुगमन २० पटक

सुधार गर्नुपर्ने पक्षहरू:

- खोप कार्यक्रम अन्तर्गत प्राप्त र खर्च अभिलेख नमिलेको
- DHIS-2/eHMIS मा अभिलेख भिन्न (BCG vaccine)
- सुरक्षित मातृत्वमा 4th र 8th ANC visit नभएको, PNC 3rd visit न्यून (१ मात्र)
- MSS द्वारा गुणस्तर मापन नभएको
- eLMIS मा stock अभिलेख नमिलेको

२. मग्याम चिसापानी स्वास्थ्य चौकी

लक्षित जनसंख्या: २१००

दैनिक बिरामी: ८–१०

सबल पक्षहरू:

- OPD तथा अन्य सेवा नियमित
- खोप सेवा अन्तर्गत Freeze tag र अभिलेख समयमै राखिएको
- मलेरिया RDT/PCD परीक्षण २८

सुधार गर्नुपर्ने पक्षहरू:

- MSS Score : ६९%
- आमा सुरक्षा कार्यक्रम अन्तर्गत 1st visit (anytime visit)-23, 4 times ANC- 5 times, 8 times ANC- 4
- PNC 3rd visit: २, 4th visit: १, मात्रै भएको,
- ANC/PNCको नियमित Follow up गर्नुपर्ने
- खोप कार्यक्रम अन्तर्गत प्राप्त, खर्च अभिलेख नमिलेको
- बृध्दि अनुगमन दर कम (१३)
- eLMIS systemको आम्दानी र खर्चको अभिलेख राख्नुपर्ने
- क्षयरोग निदान दर बढाउनको लागि सम्पर्क परिक्षण,
- OPD Screening, तथा परिक्षण दर बढाउने
- असार महिनाको TB/PCB caseको outcome छुटेको

३. चित्रेभन्ज्याङ स्वास्थ्य चौकी

लक्षित जनसंख्या: २१९६

दैनिक बिरामी: ७–९

स्वास्थ्य जनशक्ति: २ अहेव, २ अनमि, १ ल्याब असिस्टेन्ट

सबल पक्षहरू:

- वार्षिक कार्ययोजना (आ.व. ८१/८२ र ८२/८३) तयार
- खोप कार्यक्रमको मासिक प्रगति तालिका

- व्यवस्थापन समिति, FCHV र कर्मचारीहरूको विवरण प्रदर्शन
- Average growth monitoring: १९
- २० वर्षभन्दा कम उमेरमा गर्भवती शून्य
- Malaria RDT/PCD परीक्षण: ३२
- डेटा त्रुटि सुधार

सुधार गर्नुपर्ने पक्षहरू:

- व्यवस्थापन समितिको आम्दानी/खर्च लेखा परीक्षण
- MSS Score: ८५ भए पनि आपूर्ति व्यवस्थापन सुधार आवश्यक

पालिकाका नवीनतम कार्यहरू

- वृद्धिदर अनुगमन सूचकको आधारमा पोषण सुधार कार्यक्रम
- उत्कृष्ट आमाबुवा र सासुससुरा कार्यक्रम (पुरस्कार सहित)
- पोषिलो खाना प्रदर्शन

निष्कर्ष

स्थलगत अनुगमनका आधारमा, हरिनास गाउँपालिकाका स्वास्थ्य संस्थाहरूले आधारभूत स्वास्थ्य सेवा नियमित रूपमा सञ्चालन गरिरहेका छन्। धैरैजसो संस्थामा पूर्वाधार, सेवा प्रवाह, र कर्मचारी व्यवस्थापन सन्तोषजनक देखिएको छ। तर केही प्रमुख सुधारका क्षेत्रहरू पहिचान भएका छन् – जस्तै खोप कार्यक्रमको अभिलेख व्यवस्थापन, ANC/PNC सेवाको नियमितता, eLMIS र वित्तीय अभिलेख अद्यावधिक, तथा आपूर्ति व्यवस्थापनमा देखिएका कमजोरीहरू।

MSS Score मा विभिन्न संस्थाबीच देखिएको अन्तरले गुणस्तर सुधारको आवश्यकता देखाउँछ। Birthing Centre मा आवश्यक औषधि अभाव, नियमित लेखा परीक्षणको कमी, र स्वास्थ्य सूचकहरूको आधारमा कार्ययोजना अद्यावधिकको आवश्यकता स्पष्ट देखिन्छ।

सिफारिसहरू:

- पालिका, स्वास्थ्य संस्था, र समुदायबीच सहकार्य तथा नियमित अनुगमनको आवृत्ति बढाउने
- अभिलेख व्यवस्थापन प्रणालीलाई डिजिटल रूपमा सबल बनाउने
- स्वास्थ्यकर्मीलाई आवश्यक तालिम तथा स्रोत साधन उपलब्ध गराउने

- आवश्यक औषधि र सामग्रीको निरन्तर आपूर्ति सुनिश्चित गर्ने (मग्याम चिसापानी स्वास्थ्य चौकी)
- गुणस्तर मापन र अनुगमन सूचक सुधारमा निरन्तर ध्यान दिने

नगरपालिकाले गर्नुपर्ने कार्यहरु:

- स्वास्थ्य संस्थाहरूको सेवा गुणस्तर सुधार, अभिलेख व्यवस्थापन, स्रोत अभाव समाधान तथा नियमित कार्यसम्पादनको सुनिश्चितताका लागि पालिकाले व्यवस्थापन समिति, वडा, सम्बन्धित निकायहरूसँग सहकार्य गरी कार्ययोजना निर्माण तथा कार्यान्वयन गर्ने ।
- MSS स्कोर सुधार, ANC/PNC सेवामा नियमितता, DHIS- र 2eHMIS मा अभिलेख एकरूपता, भवन तथा स्रोतको अभाव समाधान, eTB डेटा प्रविष्टि तथा अभिलेख अद्यावधिकको लागि तालिम, अनुगमन, बजेट व्यवस्थापन, जनशक्ति परिचालन तथा प्रविधिको प्रयोगमार्फत पालिकाले सक्रिय भूमिका निर्वाह गर्ने ।

प्रदेश जनस्वास्थ्य कार्यालयले गर्नुपर्ने कार्यहरु:

नियमित सहकार्य र समन्वय आवश्यक ,तालिम नियमित ,अनुगमन र संस्थागत अनुशिक्षण गर्ने र पालिका र प्रदेशसंग समन्वय गरेर संस्थाको भौतिक पूर्वाधार सुधिनिकरण ।

पालिकामा पृष्ठपोषण सहितको पृष्ठपोषणमा बिषेश सहजिकरण उपस्थिती

- केशव प्रसाज चापागाई जन स्वस्थ्य प्रशासक प्र.जन.स्वा.का.स्याङ्जा
- हरि प्रसाद मरासिनी लेखा अधिकृत प्र.जन.स्वा.का.स्याङ्जा

प्रतिवेदक :

- विष्णु प्रसाद सुबेदी TB/ Leprosy supervisor officer
  प्र.जन.स्वा.का.स्याङ्जा
- पृथ्वी लामिछाने Lab Technician
  प्र.जन.स्वा.का.स्याङ्जा
- तोया नारायण ढकाल प्रसाशन अधिकृत
  प्र.जन.स्वा.का.स्याङ्जा

- सुष्मा आचार्य प. हे.न
  प्र.जन.स्वा.का.स्याङ्जा
- अस्मिता भण्डारी ज.स्वा.अ.
  प्र.जन.स्वा.का.स्याङ्जा

फोटोहरु:

आज मिति २०८२ साल श्रावण १८ गतेका दिन यस हरिनास गाउँपालिका वडा नं   बराह तुलाधारी स्वास्थ्य इकाईको भवनमा हरिनास गाउँपालिका स्वास्थ्य शाखा प्रमुख श्री बिदुर सिग्देल ज्यूको संयोजकत्वमा प्रदेश जनस्वास्थ्य कार्यालय स्याङ्जाबाट तपशिल बमोजिमको उपस्थितिमा अनुगमन एवं छलफल गरी निम्नानुसार भयो ।

तपशिल

स्वा. शाखा प्रमुख	श्री बिदुर सिग्देल	हरिनास गा.पा
जन स्वा. नि. अ.	श्री विष्णु प्रसाद पौडेल	प्र.ज.स्वा.का.स्याङ्जा
अ. हे. व.	श्री तोय नारायण पौडेल	" "
प. हे. न	श्री पुजा अर्याल	" "
डा. अ.	श्री अमिता भण्डारी	" "
अ हे व.	श्री लक्ष्मी गिरी	बराह स्वा.ई.
अ हे व.	श्री आरती राना	बराह "
पोषण संयोजक	श्री शिवानी पौडेल	हरिनास गा.पा
प. हे. न.	श्री पुष्पा बानिया	" "

अनुगमनमा देखिएका राम्रा पक्षहरु

१. नियमित रुपमा स्वास्थ्य संस्था संचालन र सरसफाई अवस्था राम्रो रहेको ।

२. दैनिक ओपिडि बिरामी हेरेको रजिस्टर रहेको छ ।

३. व्यवस्थापन समितिको बैठक, निर्णय राम्रो छ ।

४. ओपिडि दैनिक २० जना देखिन्छ ।

५. फार्मेसी अवस्था राम्रो छ ।

सुधार गर्नुपर्ने पक्षहरु

१. आमा सुरक्षा कार्यक्रम को ANC, PNC

३. eHMIS अनुसार Sheet मिलाउने र आगामी महिनाको अभिलेख तथा प्रतिवेदन ठीक र छिटो मिलाउने गरी पठाउनु पर्ने।

४. eHMIS मा आएका कमीकमजोरीहरूको नियमित रूपमा Follow up गर्नु पर्ने।

५. MSS नियमित रूपमा गर्नु पर्ने।

अन्त्यमा स्वास्थ्य संस्थाको लिक र सबैको सक्रियता निरन्तर कार्य सम्पादन गर्नु भएको मा धन्यवाद छ।

[illegible signatures]

२०७२/४/१



चित्रे भञ्ज्याङ स्वास्थ्य चौकी

PAGE NO.

DATE / /

आज मिति २०८२।०४।१६ गते सोमवारको दिन हात्तीसार गाउँपालिकाको गाउँकार्यपालिका बैठक हलमा हात्तीसार गा.पा. नि. प्र.प्र.अ. हरि प्रसाद गौन्डेको अध्यक्षता तथा प्रदेश जनस्वास्थ्य कार्यालयका कार्यालय प्रमुख जन स्वास्थ्य प्रशासक श्री केशव प्रसाद चापागाईको प्रमुख आतिथ्यता तथा मेयरका प्रतिनिधि विष्णु प्रसाद त्रिवेदीको विशेष आतिथ्यतामा हात्तीसार गाउँपालिकाको एकीकृत स्वास्थ्य सेवा अनुगमन प्रस्तुतीकरण कार्यक्रमको छलफल तथा कमजोरी र सुधारका पक्षहरूको छलफल कार्यक्रम सम्पन्न गरियो !-

उपस्थिति :-

अध्यक्षता :- हरि प्रसाद गौन्डे (प्रमुख प्र. अ.) नि.प्र.प्र.अ. हात्तीसार

प्रमुख अतिथि :- केशव प्रसाद चापागाई (प्रदेश ज. स्वा. का. मोरङ)

विशेष अतिथि :- विष्णु प्रसाद त्रिवेदी

आधिकृत छैठौं :- तोय नारायण खनाल

ज.स्वा.अ. :- हरि प्रसाद मरासिनी

जनस्वा. अधिकृत :- आस्मिता भण्डारी

प.हे.न. :- सुस्मा आचार्य

लेखा अ. छैठौं :- कृष्ण प्रसाद पौडेल

पोषण संयोजक :- शिवानी पोखरेल

प.हे.न :- पुष्पा बानिया

अ. छैठौं प्रशासन :- तोल बहादुर थापा

सि कोअर्डिनेटर :- भावना पोखरेल

स्य शाखा प्र. :- विदुर सिम्खेल

निर्णयहरु :

१ बराह सामुदायिक स्वास्थ्य इकाई, मरयाम पिसापानी स्वास्थ्य चौकी र चिंते भन्ज्याङ स्वास्थ्य चौकीको स्तरगत अनुगमन गरी, त्यस रामा पक्षहरु र सुधार गर्न पर्ने पक्षहरुको प्रस्तुतीकरण सहित छलफल गरियो। तिन वटा

सेन्टर लगायत अन्य स्वास्थ्य गतिविधिहरुमा सुविधामा सुधार गर्नुपर्ने देखिएको ।

आज मिति २०८२ साल श्रावण १६ गते इलाम गाउँपालिका वडा नं. ४ चिलै अरुणपाङ स्वास्थ्य चौकी मा प्रदेश जनस्वास्थ्य कार्यालय इलामबाट अनुगमन एवम् सुपरिवेक्षण यस केन्द्रको स्वास्थ्य चौकी प्रमुख धन बहादुर मानन्धर को अध्यक्षता मा बैठक बसी अनुगमन तथा सुपरिवेक्षण गरियो।

उपस्थिति

सि.अ.हे.व. धन बहादुर मानन्धर
प्र.क. जिल्ला श्री. विष्णु प्रसाद दुबेदी
का.शा. प्रमुख श्री विदुर सिग्देल
प.हे.व. श्री. सुरेश आचार्य
अधिकृत छैठौं श्री. तोयनाथ ढकाल
अ.हे.व. श्री. अनिता भण्डारी
प्र.हे.नि. खि.श्री. श्री. सुदर्शन बानिया
सि.अ.हे.व. श्री. उर्मिला खड्का
सि.अ.न.मी. श्री. पिता माया थापा
तथा. अ. श्री. कृष्ण थापा

नि अनुगमनमा देखिएका सबल पक्षहरू:-

- आव २०८१।८२ र २०८२।८३ को वार्षिक क्यालेण्डर । कार्ययोजना तयार भएको।
- खोप कार्यक्रमको मासिक प्रगति अनुगमन तालिका, व्यवस्थापन समिति, FCHV, कर्मचारीहरूको flex board display गरिएको।
- औषध वृद्धि दर ५८ रहेको।
- २० वर्ष भन्दा कम उमेरमा गर्भवति रहने संख्या ० रहेको र २० वर्ष माथिको Any time visit १२ र ANC 8 visit 5 रहेको।
- मलेरियाको RED बाट RDT बाट PCD परीक्षण ३२ जना रहेको।
- डाटा error हरू आफै पत्ता लगाई सुधार गरिएको

PAGE NO.........................

DATE / /

छुटेको र PNC 4th visit कम भएको हुनाले PNC मा छुटेका आमाहरूको पहिचान गरि follow up गरिएको।

↳ Birthing Centre मा आवश्यक पर्ने औषधिहरू भएको।

(*) सुधार गर्नुपर्ने पक्षहरू :-

① व्यवस्थापन समितिको आम्दानि खर्चको लेखा परिक्षण गराउनु पर्ने।

② MSS Score ८४ रहेको र MSS अनुसार आवश्यकता पहिचान गरिएका समस्याहरू, आपुर्ति व्यवस्थापन (आपुर्ति गर्नुपर्ने सामानको list तथा प्रयोग सम्बन्धि कार्ययोजना तयार गरि व्यवस्थापन समिति मार्फत पालिकामा माग गर्दा प्रभावकारि हुने।

आज मिति २०८१।०४।२८ गते यस मग्याम चिसापानी स्वास्थ्य चौकी व्यवस्थापन समिती अध्यक्ष एवं हरिनास वडा नं ३ का वडाअध्यक्ष श्री ओम प्रकाश सिग्देल ज्यूको अध्यक्षतामा प्रदेश जनस्वास्थ्य कार्यालय बाट आउनुभएको अनुगमन टोली, हरिनास गा.पा. स्वास्थ्य शाखा बाट आउनुभएको अनुगमन टोली र स्वास्थ्य चौकीका कर्मचारीहरुको संयुक्त बैठक ले विविध विषयमा छलफल र ~~अनुग~~ निर्णय गर्यो।

उपस्थिति

श्री ओम प्रकाश सिग्देल, वडाअध्यक्ष
श्री अविनिता भण्डारी, जनस्वा. अधिकृत प्र.ज.स्वा.का. स्याङ्जा
श्री विष्णु प्रसाद सुवेदी, [illegible] अधिकृत
श्री तारा नारायण ढकाल, अधिकृत प्र.ज.स्वा. स्यां
श्री विदुर सिग्देल, प्रमुख, स्वास्थ्य शाखा, हरिनास
श्री शुभदा आचार्य, प.हे.न., प्र.ज.स्वा.का. स्याङ्जा
श्री सुरक्षा कुनियाँ, प.हे.न., हरिनास गा.पा.
श्री भवानी पोखरेल, पोषण संयोजक, हरिनास
श्री सरस्वती बाहुराई, अ.न.मी.
श्री सफल राना, अ.न.मी.
श्री चन्द्रा [illegible] कुवँर, म.स्वा.से.
श्री डोल राज सिग्देल, सदस्य सचिव
श्री चिरञ्जीवी पाख्रुली, का. सहयोगी

निर्णय १

छलफल तथा अनुगमनबाट यस मग्याम स्वास्थ्य चौकीमा तपसिल बमोजिमको राम्रो पक्ष गरेको पाइयो।

- ~~कार्यालयको~~ दैनिक सञ्चालन गरेको पाइयो।
- खोप सेवा अन्तरगत फ्रिज ट्याग र तापक्रमको रेकर्ड समयमै राखेको पाइयो।
- व्यवस्थापन समितिको बैठक नियमित गरेको पाइयो।
- मलेरियाको RDT / PCD परीक्षण २८ रहेको पाइयो।

यस गन्याङ स्वास्थ्य चौकीमा अनुगमन गर्दा निम्नानुसार सुधार गर्नुपर्ने देखिन्छ ।

- eLMIS system को आम्दानी र खर्चको अभिलेख राख्नुपर्ने
- आमा सुरक्षा कार्यक्रम अन्तर्गत anytime visit - २३ 4th visit - ५ आवश्यक visit - ४ PNC को 3rd visit - 2 4th visit - 1 र संस्थागत सुत्केरी र जन्म भएकोले protocol अनुसार नियमित रूपमा ANC तथा PNC visit प्रोत्साहना follow up गर्नु पर्ने
- TB रोग संक्रमणको रोग निदान दर बढाउनका लागी सम्पर्क परिक्षण, OPD बाट स्क्रिनिङ तथा परिक्षण दर बढाउनु पर्ने ।
- खोप आपूर्ति गर्दा कन्टेनरको लागी छुट्टै टेबुलको व्यवस्था र आम्दानी र निकासा दुरुस्त राख्नु पर्ने ।
- वृद्धि अनुगमन दर कम भएको (१३ मात्र)
- MSS को दर ६५ रहेकोमा बढाउनको लागी पहल गर्नु पर्ने
- बर्थिङ सेन्टरमा आवश्यक औषधीहरु (Vitamin-K, MgSO4
- निफेडिपिन जस्ता औषधीहरुको मौज्दात राखि स्टक आउट हुन नदिने
- आमाको TB केसको PBC केसको outcome आउन छुट भएको ।
- डेरी ४ वटा लगको मलेप नभएको पाइएको हुँदा आम्दानी र खर्च को विवरण दुरुस्त राख्नको लागी मलेप गर्नु पर्ने ।

उपर्युक्त सुधार गर्नु पर्ने कार्यहरु कार्ययोजना तयार गरी समयमा सम्पादन गरी प्रगती हासिल गर्ने अनुरोध स-धन्यवाद गर्न चाहन्छौं ।